## #बोटबिरुवामाआधारितसन्धी- सन्धी

**बोट बिरुवामा आधारित सन्धीको पहल एक तल्लो तहको अभियान हो जहाँ वातावरण संकटलाई सामाधान गर्न खाद्यान्न व्यवस्थालाई प्रथम स्थानमा राखिन्छ । यो सन्धी प्रख्यात जीवावशेष ईन्धन सन्धीमा आधारित रहेको र यो सन्धीको लक्ष्य भनेको पशु व्यवसायले गर्दा हुने अतिआवश्यक पर्यावरणको व्यापक विनाशलाई रोक्ने र यसको सट्टामा स्वास्थ्यकर, दिगो, बोट बिरुवामा आधारित खानालाई प्रोत्साहन दिनु हो । हामी वैजानिकहरु, नागरिकहरु, समूहहरु, व्यवसायहरु, र शहरहरुलाई यो आह्वानलाई स्वीकार गरी राष्ट्रिय सरकारहरु माथि दवाव श्रृजना गरी अन्तराष्ट्रिय सन्धीको बारमा कुराकानी उठाउन आग्रह गर्छौं।**

## तिन दावीहरु

**यू.एन.इफ.सि.सि./प्यारिस सहमतिको सहपाठीका रुपमा हामी सरकारहरुलाई एउटा विश्वव्यापी बोट बिरुवामा आधारित तल दिइएका तिन सिद्धान्तमा आधारित रहेर सन्धी बनाउन पहल गर्दछौँ:**

**१. परित्याग- पशुपन्छी कृषिका लागि कुनै पनि जमिनको प्रयोगमा परिवर्तन, पर्यावरण विनास वा वन फँडानी नगर्ने**
**२. पुनःनिर्देशन - पशुपन्छीमा आधारित कृषि प्रणालीबाट बोट बिरुवामा आधारित खाद्यान्न प्रणालीमा एउटा सक्रिय परिवर्तन गर्ने**
**३. पुनःस्थापना - महत्वपूणर् पर्यावरणलाई पुनस्थापना र पृथ्वीलाई वृक्षरोपण गरी पुनःजङ्गल बनाउने**

**बढ्दो संख्यामा वैज्ञानिकहरुले पशु कृषिलाई सम्बोधन गर्न र मौलिक रुपमा हाम्रो खाद्यान्न प्रणाली परिवर्तन गर्न तत्काल कार्य आवश्यक रहेको भन्दैछन् । विश्वमा खपत हुने जीवावशेष ईन्धनबाट निस्कने उत्सर्जन आजै अन्य भए पनि, हामीहरु बढ्दो तापक्रमलाई १.५डिग्री सेलसियस्मा रोकी त्यसलाई पूर्व अद्यौगिक स्तरमा ल्याउन सक्दैनम्, किनकि पशु कृषिले पृथ्वीको साधनहरु, प्रदुषण, उत्सर्जन, पर्यावरण अखण्डता तथा जमिनको प्रयोगमा नकारात्मक असर गर्ने भएकाले।**

**विभिन्न संस्था, शैक्षिक शत्रहरु र अनुसन्धान निकायहरुका वैज्ञानिकहरुले निरन्तर तथा विश्वसित भई मासुमा आधारित खाना भन्दा बोट-बिरुवामा आधारित खानाबाट पृथ्वी र मानव स्वास्थ्य पुनःस्थापना गर्न सकिन्छ र साथै प्यारिस सहमतिद्वारा निश्चित गरिएका महत्वपूणर् मौसम परिवर्तनलाई रोक्न लक्ष्यहरु प्नि यसैबाट पूरा हुने निष्कर्ष निकालेका छन् ।**

**अहिले प्राप्त भएका विज्ञानमा आधारित भई समाजका विविध क्षेत्रहरुबाट सबै अभियनताहरुलाई एकैसाथ ल्याई तुरुन्त काम गर्नुपर्छ ।**

# बोट बिरुवामा आधारित सन्धी

### *मागदावी १-परित्याग: समस्या अझ जटिल हुनबाट रोक्ने*

**पशुपन्छी कृषिका निम्ति थप जमिनको प्रयोग, तथा वन ढुवानी नगर्ने।**

- नयाँ पशु फार्महरु निमार्ण नगर्ने।
- नयाँ वदशालाहरु निमार्ण नगर्ने।
- भइरहेको पशु फार्महरुको विस्तार तथा त्यसलाई ती्रब रुप नदिने।
- बोट बिरुवामा आधारित कृषिलाई पशु कृषिमा रुपान्तरण नगर्ने।
- पशु कृषिका लागि चाहिने आहार दानाका लागि उपभोग हुने जमिनको प्रयोग रुपान्तरण नगर्ने।
- पशु चर्न तथा पशु पालनका लागि कुनै वन जङ्गलको फडानी तथा अन्य पर्यावरणको विनाश नगर्ने।
- नयाँ माच्छा फार्महरुको निमार्ण तथा भइरहेको माच्छा फार्महरुको विस्तार नगर्ने।
- आदिवासी जनजातिहरु, उनीहरुको जमिन, अधिकार र ज्ञानको संरक्षण गर्ने।
- जिवित निर्यातहरुलाई प्रतिबन्ध गर्ने।
- माच्छा मार्नका निम्ति नयाँ ठूलो मात्राको जहाज निमार्ण नगर्ने।

### *मागदावी २-पुर्ननिर्देशन: समस्यालाई श्रृजना गरिरहेका तत्वलाई मेट्टाउने*

**बोट बिरुवामा आधारित खानाको प्रवद्र्धन र पशुपन्छीमा आधारित खाद्य प्रणालीबाट बोट बिरुवामा आधारित प्रणालीमा रुपान्तरण गर्ने।**

- वातावरण आपतकाल घोषणा गर्ने- यो घोषणा गरिसकेका विभिन्न ३४ वटा देशहरुका १९०० भन्दा बढी स्थानिय सरकारहरुसँग जोडिने
- गरिबी र भोकमारीको निमुलिकरणलाई ध्यानमा राखि, सबैलाई पोष्टिक खानाको पहुच सनिश्चित गर्दै सबै राष्ट्रहरुले खाद्य सुरक्षालाई प्राथमिकतामा राख्ने।
- साना किसानहरुको पृथ्वीलाई खुवाउने महत्वपूर्ण भुमिकालाई आत्मसाथ र समर्थन गर्ने; उनीहरुलाई आफ्नो जमिनहरु, पानी, दानाहरु र अन्य साधनमा स्वशासन कायम (वा पूर्न: स्थापना) गर्न समर्थन गर्ने।
- वातावरण संरक्षण गर्ने कार्य योजनामा बोट-बिरुवामा आधारित खाद्य प्रणलीमा रुपान्तरण लाई प्राथमिकता दिने।
- सरकारी खाना तथा आहार सिफारिसलाई अपडेट गरी कम प्रसोधित (ह्वोल फुड) बोट-बिरुवामा आधारित खानालाई प्रोत्साहन गर्ने।
- बोट-बिरुवामा आधारित खाना, पोषण तथा पकाउने विधिको मौसम, वातावरण फाइदाहरु र स्वास्थ्यलाई हुने लाभहरु प्रति जनचेतना फैलाउन सामाजिमक सूचना अभियान बनाउने।
- विद्यालयमा दिने शिक्षाका माध्यमबाट जनावरमा आधारित खानाको खपतलाई घटाउने लक्ष्य लिने।
- विद्यालयहरु, अस्पतालहरु, नसिङ्ग होमहरु, जेलहरु तथा सरकारिक निकायहरुमा बोट-बिरुवामा आधारित भोजन योजनामा रुपान्तरण गर्ने।
- विश्व स्वास्थ्य संगठनद्वारा प्रसोधित मासुले क्यानसर हुने भनेकाले हरेक प्रसोधित मासुमा क्यानसरको चेतावनी लगायत खाद्य साम्रगीको इमान्दार लेबलिङ्ग गर्ने।
- मासु कर (जसमा माच्छा नि पर्छ) सुचारु गर्ने जसको प्रयोग पशु कृषिले विनाश गरिएको जमिनलाई पुन:स्थापना गर्न गर्ने।

- कम प्रसोधित (ह्वोल फुड) बोट-बिरुवामा आधारित खानालाई शुलभ बनाउन र खानाको मरुभूमि जसले निम्न आय भएका समुदायलाई असर अन्त्य गर्नका निम्ति फलफूलहरु तथा तरकारीहरुलाई सरकारी आर्थिक साहयता दिने ।
- राज्यद्वारा पशु कृषि, वधशालाहरु र अद्यौगिक माच्छा व्यवसायलाई दिइनलाई दिइने छुटहरुलाई वातावरण मैत्री बोट-बिरुवामा आधारित खानाको उत्पादनमा लैजाने । मासु, दुध र अण्डा उद्योगका निम्ति सरकारबाट गरिने विज्ञापनहरुको अन्त्य गर्ने ।
- बोट-बिरुवामा आधारित अर्थव्यवस्थामा रुपान्तरण गर्न चाहिने रकमका लागि हरिन ऋणपत्र (बोन्डहरु) श्रृजना गर्ने ।
- किसानहरु, पशु व्यवसायीहरु र माच्छा व्यवसायीहरुलाई पशु पालनबाट टाढा गई विविध (जैविक agroecological आदर्श) बोट-बिरुवामा आधारित प्रणलीहरुमा जान आर्थिक सहयोग तथा तालिम दिने ।

## *दावी ३ ( पुनःस्थापना - द्दिढता बढाउदै तथा मौसम परिवर्तनलाई समाधान गर्दै समस्यालाई निवारण गर्न निरन्तर लागि पर्ने।*

### महत्वपूर्ण पर्यावरणहरुको पुनःस्थापना र पृथ्वीलाई पुनःवन बनाउने

- सम्बन्धित पर्यावरणहरुमा त्यहाँको स्थानीय (रैथाने) रुखको प्रजातिको प्रयोग गरी इतिहासमा भएका वस्तीहरु सरह पुनःस्थापना हुने पुनःवन निमार्ण परियोजना बनाउने ।
- शून्य माछा मार्ने समुद्री संरक्षित क्षेत्रहरु (कहिले काहिँ उच्च संरक्षित समुद्री क्षेत्रहरु - HPMAs को रूपमा चिनिन्छ) को रूपमा महासागरहरुको अतिरिक्त क्षेत्रहरुलाई निर्दिष्ट गरेर पुनःवन र बहालीको प्राथमिकता दिईन्छ।
- सबै अवस्थित समुद्री संरक्षित क्षेत्रहरुलाई कडाईसँग कुनै माछा मार्ने क्षेत्र घोषित गरीएको छैन र HPMAs मा रूपान्तरण गरीएको छ।
- कार्बन अवशोषकहरु जस्तै समुन्द्री घाँसको खाटहरुको प्रतिस्थापन गर्ने सक्रिय कार्यक्रम सुचारु गर्ने ।
- बिग्रेका आवश्यक पर्यावरण जुन कार्बन कब्जा गर्ने चक्र जस्तै मैनग्रोभ, पिट बग्स, वनहरु, कुनै प्रकारका चौरहरुको पुनःस्थापना गर्ने ।
- मौसम परिवर्तनसँग लड्न र सो अनुरुप कदम चाल्न प्रकृतिमा आधारित समाधानहरुमा केन्द्रित रहने ।
- किसानहरु र जग्गाधनीहरु जसले जमिनको सदुपयोग गर्ने र त्यस जमिन र त्यो सम्बन्धित पर्यावरणसँग सेवा (जस्तैः कार्बन कब्जा, जैविक विविधता, बाढी रक्षा, मौसम परिवर्तनसँग सामान्य द्दढता) लाई प्रत्यक्ष पुनःस्थापना गर्ने अभ्यास गरेमा सरकारी आर्थिक साहयता दिने ।
- पुनःजंगलीकरण र पुनःवन निर्माण योजनालाई सरकारले सरकारी आर्थिक साहयता दिने ।
- सरकारी आर्थिक साहयता/अनुदान दिएर किसानहरुलाई पशु कृषिबाट विविध बोट-बिरुवा उब्जाउन प्रोत्साहन गर्ने ।
- शहरहरुमाः रुख तथा जङ्गली फूलहरु बढाउने, हरियो समुदाय परियोजनो, वन्य जन्तु हिड्ने बाटोहरु, हरिकयो छतहरु, स्थानीय उब्जाउने योजनाहरु तथा जैविक विविधता बढाउने कामहरु गर्ने ।
- बोट-बिरुवामा आधारित स्वस्थ्यकर भोजनमा सबैको पहुँच, विशेष गरी निम्न आय भएका बहु-रङ्ग समुदायको पहुँच पुराएर खाद्य न्यायलाई बृद्धि गर्ने ।
- पूर्व पशु चर्ने जग्गालाई अन्य प्रयोजन गर्ने : पुनःजंगलीकरण, पुनःवन(यदि उचित), प्राकृतिक आरक्षण, पैदल क्षेत्र, सामुदायिक उब्जाउने, जग्गा छुट्टाउने (यदि उचित), खाना उब्जाउने (यदि सम्भव)।

- पुनःवन बनाउन, हरियो ठाउँ, सामुदायिक खाद्य बगैँचा तथा भागका रुपमा प्रयोग हुनका निम्ति केही जग्गाको स्वामित्व सामुदायिक हातमा दिने ।

**बोट-बिरुवामा आधारित सन्धी** बारे थप जानकारी पाउन वा यसलाई पूर्व-उद्घाटन अनुमोदक बन्न, endorse@plantbasedtreaty.org मा सम्पर्क गर्नुहोला ।